म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २५ शुक्रबार ७ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 23 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रदेशप्रमुख देवकोटाद्वारा विधेयक प्रमाणीकरण

हेटौंडा, ६ भदौ/बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले बिहीवार विज्ञानप्रविधि नवप्रवर्तनसम्बन्धी विधेयक प्रमाणीकरण गरेका छन् । २०८१ साउन १६ गते प्रदेशसभाबाट पारितभई प्रदेशप्रमुखसमक्ष पेश भएको विज्ञानप्रविधि नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक देवकोटाले प्रमाणीकरण गरेका हुन् ।

प्रमाणीकरण भएपछि अब यो विधेयक 'विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१' को नाममा रहनेछ । विज्ञानप्रविधिका विविध क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान, आविष्कार र नवप्रवर्तनमा गरिने लगानीबाट विकसित, प्रविधियुक्त, गुणस्तरीय र परिणाममुखी नतिजाको माध्यमबाट आर्थिक विकास र नागरिकको जीवनपद्धतिलाई सरल तथा सहज बनाउँदै प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने मुलभूत उद्देश्यले यो विधेयक निर्माण गरिएको हो ।

# दाम्लोले बाधिएको भैंसीले कसरी माऱ्यो जंगली बाघ ?

भानुभक्त आचार्य

हेटौंडा, ६ भदौ/ रमौलीप्रतापुरका बलबहादुर राईको गोठमा बाघ मृत फेला परेको विषयमा बिहीबार दिनभर मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरीमा हल्लीखलली मच्चिएको छ । रमौली प्रतापुर पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रबाट राप्ती वारी पूर्वपश्चिम राजमार्ग छेवैमा सारिएको बस्ती हो ।



सामाजिक संजालमा दिनभर भाइरल बनेको घट्नालाई लिएर राष्ट्रिय निकुञ्जका संरक्षण अधिकारीहरूलाई पनि निक्कै चासोको विषय बन्यो । मनहरी गाउँपालिका-६ रमौलीका बलबहादुरको गोठमा दाम्लोले बाधेको भैंसीमाथि आक्रमण गर्न पुगेको बयस्क बाघ भैंसीको प्रतिआक्रमणमा परी मृत्युको मुखमा पुगेको हो । बिहीवार बिहान सवा ३ बजे यो घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मृत बाघले गोठमा रहेको भैसीलाई आक्रमण गर्दा भैंसी घाइते भएको र बाघ मृत फेला परेको प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

पर्सा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको मध्यवर्ती क्षेत्र पदमपोखरी सेक्टर लामिटार ब्यारेकका सेनाका अनुसार बाघ बुढो रहेको, भैंसीले हान्दा बाघको मृत्यु भएको जस्तो देखिएको विषय मकवानपुर प्रहरीले उल्लेख गरेको छ । डिएसपी भण्डारीका अनुसार बाघको मृत्युको ठोस कारण पत्ता लागिसकेको छैन । घटनास्थल क्षेत्र चितवन राष्ट्रिय निकुञ्जमा पर्छ । प्रहरीका अनुसार चितवन राष्ट्रिय निकुञ्जको सेनाले मृत बाघ लगेको छ । जंगली जनावरमध्ये हिंस्रक मानिने बाघलाई भैंसीले मारेको नेपाली सेनाको प्रष्टिकरणबाट धेरै नागरिकले चासो राखेका छन् ।

सामाजिक संजालमा दाम्लोले किलोमा बाँधेको भैंसीले बाघको ज्यान जाने गरी कसरी आक्रमण गऱ्यो होला ? भन्ने विषयमा निकै बहस जारी छ । 'गोठमा बाँधिएको भैंसीले बाघलाई कसरी मार्न सक्छ ?' भन्दै धेरै नागरिकले सामाजिक सञ्जालमा जिज्ञाशा राखेका छन् । भैंसीको प्रतिकारमा बाघ मरेको पुष्टि चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले बिहीबार बिहान गरेका छन् । मरेको बाघ बुढो र दुब्लो देखिने बताउँदै उनले निकुञ्जभित्र सिकार गर्न नसकेर आहाराको खोजीमा बाहिर निस्केको हुनसक्ने अनुमान गरे ।

मध्यवर्ती क्षेत्रस्थित प्रतापुरमा पसेको बाघको पोस्टमार्टम भएको छ । चितवन राष्ट्रिय निकुञ्जस्थित राष्ट्रिय प्रकृति संरक्षण कोषको कार्यालयले बाघको पोस्टमार्टम गरेको हो । कोषको कार्यालयका प्रमुख डा. मधु क्षत्रीले पोस्टमार्टमबाट बाघको अवस्था अत्यन्त दयनीय पाइएको बताए । 'यो बाघ करिब करिब ७ वर्षको थियो । बयस्क बाघ हो । दाँत पनि सबै राम्रो अवस्थामा छन्, कुनैलाई केही भएको छैन', क्षत्रीले सुनाए ।

क्षत्रीले जंगलमा यो बाघ अर्को बयस्क बाघसँग कम्तिमा डेढ साताअघि जुधेको अनुमान लगाए । जंगलमा जुधिसकेपछि हारेको यो बाघको खेलखोर क्षेत्र अर्कोले खोसेको कारण शिकार खेल्न नपाएको उनले बताए । अर्को बाघले टोकेर मरनासन्न शरीर भएको यो बाघ जंगलमा शिकार खेल्न नसकेपछि गाउँ पसेको हुनसक्ने उनको भनाई छ । धेरै दिनदेखि खान नपाएर बाघको पछाडिको भाग पनि सुकेको उनले बताए ।

उनका अनुसार भैंसीलाई आक्रमणका क्रममा मरेको यो बाघ त्यसअघि नै पूरै घाइते अवस्थामा थियो । 'यो बाघ पूरै घाइते थियो । शरीरका अधिकांश भागमा अर्को बाघले टोकेका प्वाल नै प्वाल मात्र भेटिए, भैंसीको आक्रमणमा नमरेको भए पनि बढीमा अबको एक सातामा यो बाघ मर्न सक्थ्यो', क्षत्रीले भने । यो बाघको पोस्टमार्टममा सहभागी अर्का पशुचिकित्सक अमिर सडौलाले शिकार गर्न नसकेकै कारण भोकै परेको बताए ।

एक साताभन्दा बढीको घाउ बोकेर गाउँ पसेको बाघ भैंसीलाई देखेपछि शिकार गर्न झम्टिएको र त्यक्रममा उसले भैंसीमाथि सीधै घाँटीमा आक्रमण गरेको पाइएको डा. सडौलाले बताए । 'घाँटीमा समातेपछि भैंसीले बलगर्ने क्रममा सिङले लागेर बाघ त्यहीं ढल्न पुगेको देखियो । बाघ घाँटीमा झुन्डिएको अवस्थामा भैंसीको सिङले उसको च्यापुभन्दा माथि, कानभन्दा तल र आँखाभन्दा मुनि ठूलो चोट दियो । त्यहीक्रममा ढलेको बाघले प्राण गुमायो ।,' उनले सुनाए ।

डा. क्षत्रीले पनि भैंसीले झट्का दिएर प्रतिकार दिँदा सिङले च्यापुमा लागेर बाघ मर्न पुगेको जानकारी दिए । 'घुमेको सिङ भएको भैंसीले हान्दा पहिले नै घाइते भएको बाघका लागि काल बन्यो । आफ्नो खेलखोर गुमाइसकेपछि यो बाघ जंगलतिर जानै सकेन,' उनले भने ।

सन् १९९५ यता नेपालमा पाटेबाघको संख्या क्रमिकरुपमा बढेको छ । सन् १९९५ मा गरिएको बाघ गणनामा ९८ वटा बाघ रहेको थियो । सन् २००० मा गरिएको गणनामा १०९, सन् २००५ मा गरिएको गणनामा १२६, सन् २००९ मा १२१, सन् २०१३ मा १९८ पुगेको थियो । राष्ट्रिय निकुञ्जका जंगलक्षेत्र सीमित भएकाले बाघको संख्यामा वृद्धि हुँदा स्वाभाविकरुपमा बाघले आहारको खोजीमा मानवबस्तीतिर प्रबेश गर्ने दर बढिरहेको बिज्ञहरुले बताएका छन् ।

पाटेबाघ नेपालसहित १३ वटा मुलुकमा मात्र पाइन्छ । यी मुलुकका सरकार तथा राष्ट्रप्रमुखको रसियाको सेन्टपिटर्समा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले सन् २०२२ सम्म बाघको संख्या दोब्बर बनाउने प्रतिबद्धता जनाएको थियो । सन् २०१८ को गणना अनुसार नेपालमा बाघको संख्या २३५ पुगेको छ । चितवन राष्ट्रिय निकुञ्जमा ९३, बर्दिया राष्ट्रिय निकुञ्जमा ८७, बाँके राष्ट्रिय निकुञ्जमा २१, पर्सा राष्ट्रिय निकुञ्जमा १८ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज एवम् मध्यवर्ती र आसपासका वनक्षेत्रमा १६ वटा बाघ भेटिएका थिए ।

## बागमतीका मुख्यन्यायाधिवक्ता काफ्लेको शपथ

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ बागमती प्रदेशका मुख्यन्यायाधिवक्ता शुकदेव काफ्लेले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् । बिहीबार प्रदेशप्रमुख कार्यालय हेटौंडामा नवनियुक्त मुख्यन्यायाधिवक्ता काफ्लेले शपथग्रहण गरेका हुन् ।

प्रदेशप्रमुख दीपकप्रसाद देवकोटा र मुख्यमन्त्री बहादुरसिंह लामाको उपस्थितिमा मुख्य न्यायाधिवक्ता काफ्लेले शपथग्रहण गरेका हुन् । उच्चअदालत पाटनका मुख्यन्यायाधीश नृपध्वज निरौलाले मुख्यन्यायाधिवक्ता काफ्लेलाई शपथग्रहण गराएका हुन् । गत भदौ २ गते प्रदेशप्रमुख देवकोटाले नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम दोलखा तामाकोशी गाउँपालिका-३ का काफ्लेलाई मुख्यन्यायाधिवक्ता नियुक्त गरेका हुन् ।

मुख्यमन्त्री लामाको सिफारिसमा प्रदेशप्रमुख देवकोटाले काफ्लेलाई मुख्यन्यायाधिवक्तामा नियुक्त गरेका थिए ।

२५ वर्षदेखि कानुन व्यवसायीको रुपमा कार्य गर्दै आएका काफ्लेले यसअघि पूर्वकानुन तथा न्यायमन्त्री भीमबहादुर तामाङ र पूर्वमहिला तथा समाजकल्याण मन्त्री लीला कोइरालाको सल्लाहकार भएर काम गरेका थिए । नेपाल बार एसोसिएसनको सदस्य रहेका काफ्ले नेपाल बार एसोसिएसन र काठमाडौं जिल्ला बारका विभिन्न समितिमा ससंलग्न भई काम गरिसकेका छन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# तीन जना पढाउँदै विश्वविद्यालय

कक्षा १२ पास गरेपछि औषत भन्दा माथिका विद्यार्थी युरोप, अमेरिका, अष्ट्रेलिया, जापान जान शिक्षा मन्त्रालयमा एनओसीका लागि लाइन लाग्छन् । औषत भन्दा कमजोर विद्यार्थी हातमा पासपोर्ट बोकेर श्रमस्वीकतिका लागि लाइन लागिरहेका छन् । नेपालमा कतिपय गाउँमा युवा पुस्ताको खडेरी परिसकेको छ । स्वदेशमा भविश्य नदेखेर हातमा पासपोर्ट बोकेर त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा लाइन लाग्ने क्रम बढ्दो छ । यस्तो अवस्थालाई सरकारले गंभीर रुपमा लिएकै छैन । सत्ता प्राप्ति गर्ने र सत्ता ढलाउने दाउपेचमा समय बिताएका नेताहरुलाई यो विषयमा चासो पनि छैन । मकवानपुरको चित्लाङमा स्थापना गरिएको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले जैविक कृषि विषयको स्नातकोत्तर (मास्टर्स डिग्री) र विद्यावारिधि (पिएचडी) को पढाइ सुरु गरेको छ । पहिलो वर्ष भएर पनि होला ३ जना मात्र विद्यार्थी अध्ययन गरिरहेका छन् । गत मंसिरदेखि अर्गानिक एग्रिकल्चर, फरेष्ट बायोमेटिरियल, आर्टिफिसीयल ईन्टेलिजेन्स र डाटा साइन्सको माष्टर्स र पिएचडीको पढाइ भइरहेको विश्वविद्यालय विकास समितिका अध्यक्ष राजेन्द्रध्वज जोशीले जानकारी दिएका छन् ।

सरकारले स्वीकृति दिएको चारवर्ष नपुग्दै विश्वविद्यालयले पढाई संचालनमा ल्याएको हो । अहिले विश्वविद्यालयमा ३ जना विद्यार्थीले पिएचडी र १३ जना विद्यार्थीले माष्टर्स डिग्री पढ्दैछन् । विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी चित्लाङमै कोठा लिएर बसेका छन् । विश्वविद्यालयका अधिकांश प्राध्यापक काठमाडौंबाट आउजाउ गर्छन् । विश्वविद्यालयमा पठनपाठन र अनुसन्धान गर्न गराउन विदेशबाट विशेषज्ञ प्राध्यापक आउने गरेका छन् । विश्वविद्यालयले पहिलो वर्ष नै ३२ जनालाई पढाउने लक्ष्य लिएको थियो । तर, विद्यार्थी छनोट गर्ने क्रममा १६ जनामात्र उत्कृष्ट भएकाले उनीहरुलाई पढाउन थालिएको जानकारी दिइएको छ । विश्वविद्यालयले आगामी ५ वर्षको अवधिमा ८ सय विद्यार्थीलाई पढाउने लक्ष्य लिएको छ । थाहा नगर पालिका-९ चित्लाङमा विश्वविद्यालयले गुणस्तरयुक्त पठनपाठन र अनुसन्धान गर्न भवनलगायत प्रयोगशाला, सभाहल, अडिटोरियमलगायत निर्माण गरेको छ । करिब एक अर्ब रुपैयाँ लागतमा स्थापना गरिएको यो विश्वविद्यालयको चारवटा भवनमध्ये अब एउटा तयार हुन बाँकी रहेको छ । राजधानी प्रवेशनाका थानकोटबाट पश्चिमतर्फ १२ किलोमिटर दुरीमा चित्लाङ रहेको छ । विश्वविद्यालयलाई आवश्यक पर्ने विद्युत् सौर्यउर्जामार्फत उत्पादन गरिएको छ । एक सय वटा सोलार प्यानलबाट ५ सय किलोवाट विद्युत् उत्पादन हुन्छ । अहिले विद्युत् आवश्यक नपरेकाले नेपाल विद्युत् प्राधिकरणको ११ केभीए प्रसारण सिस्टममा जडान गरिएको छ । विश्वविद्यालयमा उत्पादित विद्युत् पालुङ वितरण केन्द्रको प्रणालीमा जोडिएको हो । उत्पादित बिजुली नेट मिटरिङको माध्यममार्फत पालुङमा जडान गरिएको पालुङ वितरण केन्द्रले जनाएको छ ।

विश्वविद्यालयले प्राधिकरणलाई प्रतियुनिट ५ रुपैयाँ ८४ पैसामा बिक्री गरेको बताइएको छ । विश्वविद्यालयले प्रतिवर्ष करिब ३० लाख रुपैयाँ बराबरको विजुली प्राधिकरणलाई बिक्री गर्नसक्छ । विजुली बिक्रीबाट पनि सहयोग पुगेको विश्वविद्यालयले जनाएको छ । विश्वविद्यालय पूर्णरुपमा संचालनमा आउँदा ५ सय किलोवाट विद्युत् खपत हुने अनुमान गरिएको छ । विश्वविद्यालयलाई निरन्तर विद्युत् आवश्यक पर्ने भएकाले आफैंले उत्पादन गरेको हो । करिब १३ करोड रुपैयाँ लागतमा सौर्यउर्जामार्फत् विद्युत् उत्पादन गरिएको प्लान्टलाई 'पम्प स्टोरेज पावर प्लान्ट' भनिन्छ । विद्युत्को आपूर्ति रोकिन गएमा तत्कालै उत्पादन गर्न पम्प स्टोरेज पावर प्लान्ट निर्माण गरिएको बताइएको छ । यो प्रविधि नेपालकै पहिलो हो । सरकारले चित्लाङको ताकाटारमा स्वच्छन्दभैरव माविको नाममा रहेको १ सय ८० रोपनी जग्गाको भोगाधिकार विश्वविद्यालयलाई दिएको थियो । अब थप ८ सय रोपनी जग्गाको भोगाधिकार उपलब्ध गराउन प्रक्रिया सुरु गरिएको बताइएको छ । थानकोटदेखि चित्लाङसम्मको फराकिलो र कालोपत्र गर्ने काम भइरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ८ गते शनिबार २४ अगष्ट २०२४ । पञ्चमी, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:३९, सूर्यास्त ६:३१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **तुला** | : मौकाको फाइदा लिन सकिनेछ |
| **वृष** | : प्रेमको बन्धन कसिन सक्नेछ | **वृश्चिक** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **मिथुन** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **धनु** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **कर्कट** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मकर** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |
| **सिंह** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | **कुम्भ** | : प्रयत्न सफल हुनेछ |
| **कन्या** | : यात्रामा खर्च बढ्नेछ | **मीन** | : पढाइलेखाइमा प्रगति हुनेछ |

# जलवायु परिवर्तन, थामेको बाढी र भविष्यमा खानेपानीको संकट



✍ निनाम लोवात्ती

गएको साउन ३२ गते सोलुखुम्बु जिल्लाको खुम्बू-पासाङल्हामु गाउँ पालिकामा पर्ने थामे गाउँमा आएको बाढीले पूरै गाउँलाई असर पाऱ्यो । त्यसैले तत्कालै सो गाउँका मानिसका साथै घरपालुवा जनावरहरुलाई अन्यत्र सारिएको भन्ने समाचार आयो । अझ एकछिन्लाई कल्पना गरौं त, सो बाढी रातमा आएको भए के हुन्थ्यो ? यदि सो बाढी रातमा आएको भए ठूलो मात्रामा जनधनको क्षति हुनेवाला थियो । जे होस्, पछिल्लोपटकको घटना विवरणअनुसार थामे गाउँको शिरमा रहेको पाँचमध्ये दुई साना हिमताल फुटेपछि अचानाक बाढी आएको थियो । हुन पनि फुटेका दुई हिमताल, जोखिममा रहेको दुई हिमताल र जोखिममुक्त भनिएको अर्को एक हिमतालबारे अहिलेसम्म कसैले ध्यान दिएका थिएनन् । ती हिमतालहरु कुनै पनि बेला फुट्न सक्ने सम्भावना रहेका ताल हुन् । कसैले आँकलन नै नगरेको सानो दुई हिमताल फुट्नाले त त्यस्तो वितण्डता मच्चायो भने विगत लामै समयदेखि वैज्ञानिकहरुले नेपालका लगभग २२ वटा हिमताल जति बेला पनि फुट्न सक्ने र जोखिमपूर्ण रहेको भनिएकोमध्ये ठूलो हिमताल फुटेमा के होला ? खैर यो विषयलाई यहीं छाडौं ।

जलवायु परिवर्तन र मौसममा आएको अनेक खाले परिवर्तनका कारण गतवर्ष धेरै ढिला गरी हिउँदे वर्षा भएको थियो । गतवर्ष हिउँदे वर्षा ढिला भएको मात्रै होइन कि विगतका तुलनामा पर्याप्त वर्षा पनि भएको थिएन । फलत: गतवर्ष काठमाडौंवासीले खासै वर्षा भएको महसुस गरेनन् । भनाइको मतलब विगत वर्षहरुमा हिउँदे वर्षा जति हुने गरेको थियो त्यति भएन । त्यसो त धेरै समयअघिदेखि नै विश्वभरि जलवायु परिवर्तनको बढ्दो क्रम र त्यसको असरलाई पूरै रोक्न नसके तापनि कम गर्नका लागि जलवायु परिवर्तनसम्बन्धी विज्ञ, अनुसन्धानकर्ता, वातावरणविद्हरुका साथै जलवायु परिवर्तनका बारेमा चिन्ता व्यक्त गर्ने मानिसहरुले आवाज उठाउँदै आएका छन् । पहिले आजभोलिको जस्तो जलवायु परिवर्तन, वायु प्रदूषण, बाढीपहिरो, हिमआँधी, हिमताल विस्फोटन, समुद्री आँधी, आगलागी, डढेलो, बेमौसमी वर्षा, हावाहुरी, अतिवृष्टि आदि विषयलाई विश्वका अविकसित तथा अल्पविकसित देशका सञ्चारमाध्यम खासगरी पत्रपत्रिकाहरुले महत्व दिँदैनथे । त्यसो त विश्वका विकासशील र विकसित भनिएका देशका सञ्चार माध्यमले पनि यी विषयलाई लिएर समाचार, आलेख, फिचर बनाएर महत्व दिँदैनथे ।

त्यसरी जलवायु परिवर्तनका सम्बन्धमा सञ्चारमाध्यमहरु खासगरी पत्रपत्रिकाहरुले कुनै महत्वको विषय नै नठानेको भए तापनि यसको असर कम गर्न वा स्थिर राख्नका लागि जलवायु परिवर्तनसम्बन्धी विषयका विज्ञ एवं यसबारेमा चिन्ता व्यक्त गर्ने मानिस र समूहहरुले धेरै अघिदेखि आवाज उठाउन थालेका थिए । उनीहरुले जलवायु परिवर्तनलाई पूरै रोक्न नसके पनि कम गर्नका लागि विश्वका प्रमुख औद्योगिक र विकसित देशलाई यससम्बन्धी नीतिमा परिवर्तन गर्न दबाब दिन, ओजोन तह प्वाल पार्ने प्रमुख तत्वहरु जस्तै- कार्बनडाइअक्साइड कम उत्पादन गर्न, कोइलालगायत फोसिल फ्युल प्रयोगमा कमी ल्याउन दबाब दिँदै गए । यसका लागि विभिन्न दबाब समूह र गैरसरकारी संस्थाहरु गठन गरे । गैरसरकारी संघसंस्थाहरु गठन हुने क्रम शुरु भयो ।

यसरी संस्थागत ढंगले जलवायु परिवर्तनसम्बन्धी काम गर्न संगठितरुपमा समूह वा संस्था गठन गर्नेहुने क्रममा सन् १९९२ मा 'क्लाइमेट एक्सन नेटवर्क' (क्यान) स्थापना भएको देखिन्छ । जुन संस्थामा विभिन्न देशमा कार्यरत वातावरणसम्बन्धी काम गर्ने समूहहरु संगठित भएका थिए । जस्तै- ग्रिन पिस, डब्लुडब्लुएफ अक्स्फाम, फ्रेन्डस अफ अर्थ आदि सदस्यका रुपमा आबद्ध रहेका थिए । त्यस्तै गरेर 'क्लाइमेट जस्टिस नाउ' नामक संस्था र 'क्लाइमेट जस्टिस एक्सन' नामक विश्वस्तरका दुई ठूला संस्था गठन भएपछि सन् २००९ मा डेनकमार्कको राजधानी कोपेनहेगनमा जलवायु परिवर्तनसम्बन्धी सम्मेलन भयो । जलवायु परिवर्तन मैत्री नीति-नियम बनाउनका लागि प्रमुख औद्योगिक देशका सरकारलाई सशक्त ढंगले दबाब दिन थालियो । यसका लागि विभिन्न गैरसरकारी संस्थाहरु गठन हुने क्रम पनि शुरु भयो । जस्तो कि सन् १९९२ मा 'क्लाइमेट एक्सन'ले गैरसरकारी तहमा नेतृत्व र लबिङ गरेको थियो । फलत: सन् १९९७ मा जापानको क्योटो शहरमा भएको सम्मेलनमा जलवायु परिवर्तनका सम्बन्धमा सकारात्मक भूमिका खेल्न भनी 'क्योटो प्रोटोकल' जारी भएको थियो ।

त्यसयता सन् २०२३ मा भएको एसिया महदेशको खाडी क्षेत्रको संयुक्त अरब इमिरेट्सको पर्यटकीय शहर दुबईको एक्स्पो सिटीमा युनाइटेड नेसन्स फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज (युएनएफसीसीसी) जलवायु परिवर्तनसम्बन्धमा भएको सम्मेलन (कोप २८) सम्म आइपुग्दा धेरै सकारात्मक कुरा निर्णय भएका छन् । तर त्यस्ता सयौं निर्णयमध्ये केही मात्रै लागू भएका छन् । अधिकांश जलवायु परिवर्तनसम्बन्धी मुद्दा लामो समयसम्म नसल्टिने खालका छन् । जस्तै- ओजोन तह प्वाल पार्ने प्रमुख तत्वहरु कार्बनडाइ अक्साइड कम उत्पादन गर्न, कोइलालगायत फोसिल फ्युल प्रयोगमा कमी ल्याउन वा कम प्रयोग गर्नुपर्ने भन्ने सम्बन्धमा अल्पविकसित तथा विकासशील देशहरु आनाकानी गरिरहेका छन् । त्यस्तै विकासको चरम सीमामा पुगेका अथवा भनौं सीमा नाघेका अति विकसित तथा औद्योगिक देश (जी ८ भनिने देश) हरुचाहिँ आफूहरुले विगतमा गरेको वायु प्रदूषण र त्यसको असरको क्षतिपूर्ति दिने सम्बन्धमा एकमत रहेका छैनन् । केही देशले त स्वीकार गर्न नै आनाकानी गरेका छन् ।

फलस्वरुप आज आएर जलवायु परिवर्तनका कारण आइपरेको मानवीय संकट, वातावरण विनाश, हिमनदी पग्लने क्रम र यसले ल्याउने असर जस्तो कि हिमाली तथा पहाडी क्षेत्रमा बसोवास गर्ने मानिसमा आइपर्ने दीर्घकालीन असर, स्वच्छ पानीको मुहान सुक्ने वा अन्त्य हुने, बेमौसममा आउने बाढीपहिरो, डढेलो, आँधीहुरी, पानी कम पर्ने, पानी नै नपर्ने, असिना वर्षा हुने, मुसलधारे पानी पर्ने गरेको छ । त्यसरी हेर्दाखेरि जलवायु परिवर्तनकै कारण अकस्मात् आउने विपत्तिका लागि कसले जिम्मेवारी लिने ? यसका रोकथामका लागि कसरी काम गर्ने ? भन्ने विषयमा अझै पनि विश्वका अविकसित, अल्पविकसित, विकासशील र विकासको चरम सीमामा पुगेका तथा औद्योगिक देश (जी ८ भनिने देश) हरुबीच मतैक्य हुन सकेको छैन ।

विश्वका ठूला विकसित र औद्योगिक देश (जी ८ भनिने देश) हरु जस्तै- अमेरिका, रुस, चीन, अस्ट्रेलिया, जापान, जर्मनी, बेलायत, फ्रान्स, ब्राजिल, इटली, भारत, दक्षिण अफ्रिका, थाइल्यान्ड, टर्की, मलेसिया, भियतनाम, बंगलादेश आदि देशबीच जलवायु परिवर्तनसम्बन्धी कस्तो नीति अपनाउने, कस्तो मापदण्ड बनाउने ? भन्ने सम्बन्धमा एकमत नभएकोले गर्दा नै अहिलेसम्म यसबारेमा गलफत्ती भइरहेको छ र भइरहने देखिन्छ । जबकि माथि उल्लेख गरिएका देशहरुले अनियन्त्रित ढंगले जथाभावी चलाएको उद्योग र कलकारखानाकै कारण पृथ्वीमा आवश्यकताभन्दा बढी 'हरितगृह ग्यास' उत्सर्जन हुँदै आएको तथ्य छिपेको छैन । पछिल्लो समय उदाउँदो अर्थतन्त्र भनी चिनिएका साउदी अरब, चीन, भारत, ब्राजिल, टर्की, थाइल्यान्ड, भियतनाम, मलेसिया, इन्डोनेसिया, इरान, बंगलादेश आदि देशले आफूहरु भर्खरै उद्योग र कलकारखाना चलाउने देशमा 'उदाउँदै गरेको' हुनाले औद्योगिक र विकसित देशजत्ति जिम्मेवार नभएको बताउने गर्छन् । त्यसैले जलवायु परिवर्तनको मामिलामा 'हरितगृह ग्यास' उत्सर्जन कम गर्ने सन्दर्भमा बढी दायित्व र जिम्मेवारी पनि अमेरिका, जापान, जर्मनी, रुस, बेलायत, फ्रान्स, इटलीलगायत देशले लिनुपर्ने अडान राख्दै आएका छन्, उनीहरुले ।

पछिल्लो रिर्पाटअनुसार अहिलेको अवस्थामा आइपुग्दा विकसित तथा औद्योगिक देशहरुले मात्रै विश्वको ३३ देखि ३७-३८ प्रतिशत पानी र अधिकांश प्राकृतिक सोत-साधनहरु दोहन गर्दै आएका छन् । त्यस्तै यी औद्योगिक देशहरुले मात्रै विश्वको झन्डै ८१ प्रतिशत वायु प्रदूषणजन्य ग्यास, धुवाँलगायत जलवायु परिवर्तनमा प्रत्यक्ष असर पार्ने खालका फोहोरजन्य पदार्थ उत्पादन गर्दै आएका छन् । त्यसको प्रत्यक्ष असर नेपाललगायत कम विकसित तथा अल्पविकसित धेरै देशले भोग्नुपरेको छ । यो अवस्था भविष्यमा पनि रही नै रहने देखिन्छ । खासगरी जलवायु परिवर्तनले भविष्यमा विश्वभरि नै कञ्चन, स्वच्छ र सफा पानीको स्रोत सुक्ने देखिन्छ भने ठूलो खाद्यान संकट पनि निम्त्याउने देखिएको छ । त्यस्तै गरेर अर्को एक समाचारअनुसार विश्वका प्राय: सबै हिमनदीहरु तीव्र गतिमा पग्लिन थालेका छन् ।

हिमालय क्षेत्रको चीनको स्वशासित क्षेत्र तिब्बतको पठार क्षेत्रको चिङघाई आसपासमा तीव्र गतिमा हिमनदी पग्लेको देखिएको भन्ने छ । सहयोगी 'काठमाडौं प्रेस'को अनलाइन संस्कणमा संयुक्त राज्य अमेरिकाको 'टेक्सास ए एन्ड एम विश्वविद्यालय'का अनुसन्धानकर्मीहरुलाई उद्धृत गर्दै लेखेको फिचर लेखमा जनाइएअनुसार अनुमान गरेभन्दा धेरै छिटो हिमनदी पग्लने क्रम बढेको छ । यसरी अनुमान गरेभन्दा छिटो र तीव्र गतिमा हिमनदी पग्लने क्रम बढ्नुमा 'पोजिटिभ आइस-लस फिडब्याक' भन्ने वैज्ञानिक प्रक्रिया वा भनौं सिद्धान्तअनुसार हिमनदी पग्लने क्रम बढेको हो । भनिन्छ, अबको केही वर्षमा विश्वका ६० प्रतिशत हिमनदीहरु जलवायु परिवर्तनका कारण सुक्दै छन्, सधैं-सँधैका लागि हराएर जाँदै छन् । जलवायु परिवर्तनसम्बन्धी विषय विज्ञहरुको भनाइअनुसार जलवायु परिवर्तन र वायु प्रदूषणको क्रम अहिलेकै अवस्था रहेमा अबको ५० वर्षमा बाँच्नका लागि नभई नहुने कञ्चन, स्वच्छ, शुद्ध पिउने पानी र खाद्यान्नको ठूलो संकट आइपर्नेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# माओवादीमा हलचल ल्याएको जनार्दन शर्माको प्रस्तावबारे

✍ रजमान तामाङ

पुँजीवादी जनवादी क्रान्तिलाई आफ्नै मौलिकताका साथ सम्पन्न गरेको माओवादी पार्टीले अहिले इतिहासकै गम्भीर सङ्कटको सामना गरिरहेको छ । पार्टीका तमाम कार्यकर्ता जो यही पार्टीमार्फत देश,समाजको परिवर्तन र आफ्नो भविष्य खोजिरहेका छन् तिनीहरू अहिले पार्टी र आन्दोलनको वर्तमान अवस्था देखेर गम्भीर चिन्ता व्यक्त गरिरहेका छन् । यही नेता कार्यकर्ता चिन्ता र चासोको केन्द्रीकृत अभिव्यक्तिस्वरुप उपमहासचिव जनार्दन शर्माले स्थायी कमिटी बैठकमा चौध पृष्ठ लामो प्रस्ताव पेस गर्नुभएको छ । यो प्रस्तावपछि पार्टी भित्रभन्दा बाहिर गम्भीर विमर्शहरू भइरहेका छन् । माओवादी कार्यकर्ता हुनुको नाताले यसकाबारे आफ्नो धारणा राख्नु र सार्वजनिक बहसमा ओर्लनु स्वाभाविक नै होला भनेर यो लेख लेखिएको हो ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालले नयाँ जनवादी क्रान्तिको कार्यक्रम नै नेपाली क्रान्तिको कार्यक्रम बनाउनु भएको थियो । चिनियाँ क्रान्तिका नेता माओजेदुङले अर्धसामन्ती र अर्ध औपनिवेशिक समाज र राष्ट्रमा सर्वहारा वर्गको पार्टी कम्युनिस्ट पार्टीको नेतृत्व दीर्घकालीन जनयुद्धको माध्यमबाट नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने प्रस्ताव गर्नुभएको थियो । सन् १९४९को त्यही नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई अगाडि बढाउन कमरेड प्रचण्डको नेतृत्वमा किरण, बाबुराम भट्टराई, बादल र सीपी गजुरेलहरूले दीर्घकालीन जनयुद्धको कार्यदिशा विकास गर्नुभयो । त्यसैले जनयुद्धको प्रारम्भ गर्यो । त्यसका निम्ति नेकपा (माओवादी) पार्टी निर्माण गर्नुभएको थियो । दश वर्षको उथलपुथलमय जनयुद्धको बलमा आज मुलुकले लोकतान्त्रिक गणतन्त्र, संघीयता , धर्मनिरपेक्षता र समावेशी समानुपातिक लोकतन्त्र जस्ता आधुनिक राजनीतिक उपलब्धिहरू हासिल गरेको छ । यो अध्यक्ष प्रचण्ड नेतृत्वको टिमले साहस नगरेको भए सम्भव हुने थिएन । यो २१ औं शताब्दीको मौलिक पुँजीवादी जनवादी क्रान्ति थियो । यो क्रान्तिको मूल नायक अध्यक्ष प्रचण्ड नै हो ।

विश्व इतिहासकै मौलिक क्रान्ति सम्पन्न गरेको माओवादी पार्टी र नेतृत्व शान्ति प्रक्रिया पछि भने असफल हुँदै गयो । पार्टी तीव्र गतिमा ओरालो लाग्यो । नेतृत्व माथि प्रश्नै प्रश्नहरू तेर्सिए । पार्टी विभाजनको शृंखला रोकिएन । पार्टीका तमाम नेता कार्यकर्ता नेतृत्व र पार्टीबाट अलगथलग बन्दै गए । जनयुद्धको योद्धाहरू परिबार पाल्न खाडी जानुपर्ने भयो । पार्टी किसान मजदुर युवा पुस्ता र आधुनिक श्रमजीवी वर्गबाट अलगथलग हुँदै गयो । यसको कारण खोज्नै पर्ने थियो । खोज्ने काम सुरु भएको छ । सत्य अन्वेषण नगरी धर छैन । अब इतिहासको बखान गरेर अघि बढ्न सकिँदैन । बरु बर्तमानका प्रश्नहरूको सही जबाफ/समाधान दिएर मात्रै अघि बढ्न सकिन्छ । दुनियाँको इतिहासको यो अहम् सवाल हो । बर्तमानका प्रश्नहरूको सही जबाफ/समाधान दिएर मात्रै अघि बढ्न सकिन्छ । पार्टी निर्माण र अर्थ राजनैतिक बिकल्पकाबारे उपमहासचिव जनार्दन शर्माले पार्टीभित्र थालनी गर्नुभएको बहस एउटा कोसेढुङ्गा हो । यसलाई सकारात्मक ढङ्गले ग्रहण गर्न सक्दा पार्टीको हित हुन्छ । माओवादी पार्टी शान्ति प्रक्रिया पछि किन असफल हुँदै गयो । यो निकै गम्भीर सवाल हो । यो असफलताको नैतिक जिम्मेवारी पार्टीको मूल नेतृत्वदेखि अहिलेका पदाधिकारीहरूले नै लिने कुरा हो । मुख्यत: अध्यक्षले नै हो भन्ने कुरामा दुनियाँ जगजाहेर नै छ । किनभने उहाँकै नेतृत्वमा दुनियाँलाई चकित पार्ने क्रान्ति भएको थियो । यो क्रान्तिको मुख्य जस र नैतिक पुँजी अध्यक्ष प्रचण्डकै हो । इतिहास राजा महाराजाहरूले लेख्ने र बनाउने चलन भत्काएर सामान्य किसानका छोराछोरीले नयाँ इतिहास बनाउने र लेखाउने दर्बिलो इतिहासको गौरवमय नेतृत्व उहाँकै थियो । दुनियाँभर राजनैतिक क्रान्ति सम्पन्न गरेपछि त्यसले आफ्नो आर्थिक सामाजिक कार्यक्रम लागू गर्न नसके त्यो क्रान्तिका उपलब्धिहरू उल्टिने गरेको छ । अर्थात् प्रतिक्रान्ति हुने गरेको छ । हामी विश्वको उदाहरणतिर जानै पर्दैन । नेपाल देश बनेपछि त्यसका नेतृत्वहरुले स्थापित गरेको अर्थ राजनैतिक कार्यक्रम हेर्दा मात्रै पनि बुझिन्छ माओवादी कहाँ चुक्यो ?

गोर्खाली राजा पृथ्वीनारायण शाहले कान्तिपुर राज्य जितेर आजको नेपाल बनेपछि आफ्नो राजनीतिक सत्ता लागि बनाएको अर्थ राजनैतिक कार्यक्रम भनेको जमिनको स्वामित्वमा आफ्नो राज्य बिस्तार अभियानका अभियन्ताहरुलाई जमिनको स्वामित्व जस्तै बिर्ता जागिरको रूपमा जमिनको स्वामित्व दिनु हो । यो प्रथा नै नेपाली अर्थतन्त्रको लामो समय अर्थ राजनैतिक कार्यक्रम बन्यो । राणा-शाहहरूले यसलाई निरन्तरता दिए । राजतन्त्रको यो आर्थिक कार्यक्रमले शाह वंशको राजतन्त्रलाई अढाई सय वर्ष टिकायो । राणा शासनको अन्त्य नहुँदै यसलाई २००६ सालमा कम्युनिस्ट पार्टी बनेपछि नेपाली समाजलाई अर्धसामन्ती समाजको रूपमा चित्रण गरियो ।

२००७ सालको परिवर्तनपछि पनि नेपालको सत्तामा जमिनदार वर्ग र उदार लोकतन्त्रमा विश्वास गर्ने शक्तिका बिच छिनाझम्टि जारी रह्यो । २०१५ भएको पहिलो निर्वाचनमा काङ्ग्रेसले दुई तिहाइ बहुमत हासिल गरेपछि तत्कालीन कोइराला सरकारले बिर्ता उन्मुलनको क्रान्तिकारी कदम अघि बढायो । त्यतिबेलासम्म नेपालको झन्डै एक तिहाई जमिन दरबार र त्यसका भाइ भारादारको नाममा बिर्ता थियो । बनको राष्ट्रियकरण गरियो । यसले जमिनदार वर्ग उत्तेजित भए । यो वर्गले राजा महेन्द्रलाई उचालेर बिपी कोइराला सरकारलाई अपदस्त गरायो । राजा महेन्द्रले पञ्चायत लागू गरे । पञ्चायत राजाको तजबिजमा शासन गर्ने प्रणाली थियो । यसले शाह पारिवारिक नियन्त्रित अर्थ राजनीति लागू गर्दै पञ्चायतलाई अघि बढाए । कथित भूमि सुधारको नाममा आफू निकट जमिनदारको जमिन जोगाए । आफू र आफ्नो परिबार नियन्त्रणमा रहेर विदेशी सहयोगमा केही उद्योग धन्दा चलाए । पूर्व पश्चिम राजमार्ग बनाए । कोदारी राजमार्ग निर्माण गरे भने २०२८ मा नयाँ शिक्षा नीति लागू गरे । पञ्चायतलाई टिकाउन राजाले यस्तो आर्थिक कार्यक्रम बनाए । राजालाई विष्णुको अवतारको रूपमा पढाए । आफ्नो पुर्खाको गोर्खा राज्य बिस्तार अभियानको गौरवीकरण गर्न नेपाल भाषी साहित्यकारहरूलाई झिकाएर ठुलो सांस्कृतिक र साहित्यिक अभियान चलाए ।

यसका बाबजुद बाह्य दुनियाँमा लोकतन्त्र लहर र अर्थतन्त्रमा खुला बजार अर्थतन्त्रको आँधी आउन थालेपछि पञ्चायत विरुद्ध बिस्तारै विकसित हुँदै गरेको मध्यम वर्ग पनि आन्दोलित हुन थाल्यो । सत्तरीको दशकमा विश्वव्यापी रूपमा किन्सियन अर्थतन्त्रको विकल्प खोज्न थाल्यो । एफ ए हायक र मिल्टन फ्रिडम्यानहरुको अर्थ राजनीतिले सत्तरीको दशकमा राज्यले हस्तक्षेप गर्ने अर्थतन्त्रको विकल्पमा बजारले नियन्त्रण गर्ने आर्थिक प्रणाली लागू हुन थालेको परिवेशमा नेपालमा २०३६ सालको जनआन्दोलन भयो । त्यसले पञ्चायतलाई जनमतसंग्रहमा जान बाध्य बनायो । भलै जनमतसंग्रहमा पञ्चायतलाई जिताइयो । विश्वव्यापी रूपमा बढिरहेको उदार लोकतन्त्र र नबउदारबादी अर्थ राजनीतिको भेल झन् बेजोडले बग्न थाल्यो । त्यसले पञ्चायत टिक्न सकेन । सोभियत सैको विघटनले यसलाई झन् उत्साहित बनायो । बहुदलीय लोकतन्त्र र नबउदारबादले नेपाललाई पनि लपेट्यो । पहिलो जन आन्दोलन पछि नेपाल पनि खुला बजार अर्थतन्त्रको बाटोमा बेलगाम दौडन पुग्यो । काङ्ग्रेस सरकार र त्यसका थिङट्याङहरुले यसलाई आफ्नो पार्टीको कार्यक्रम बनाए । निजीकरण ऐन ल्याएर पञ्चायतले स्थापना गरेको उद्योगहरू निजीकरण गरिए । शिक्षा र स्वास्थ्यमा राज्यको दायित्वबाट निजी क्षेत्रलाई व्यापार गर्न बाटो खुला गरिदिए । बैङ्क तथा वित्तीय संस्थाहरू निजी क्षेत्रलाई सुम्पियो । तीन वर्षको बिचमा नेपालमा धनी र गरिबको बिचको खाडल विश्व रेकर्ड नै ब्रेक हुने गरी असमानताको परिणाम आउन थाल्यो । कृषि र नेपालको उद्यमबाट उत्पादित वस्तुले विदेशी बस्तुसँग प्रतिस्पर्धा गर्ने सकेन । बहुदलीय संसदीय प्रणालीले अघि बढाएको अर्थ राजनीति थियो यो ।

यही नव उदारवादी अर्थ राजनीतिको विकल्पमा माओवादी विद्रोह भएको थियो । तर माओवादी विद्रोहपछि स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र, र समानुपातिक समावेशी लोकतन्त्रको आफ्नो मौलिक अर्थ राजनीतिक विकल्प दिन सकेन । यस कारण माओवादी विद्रोहलाई विश्वास गर्ने परम्परागत श्रमिक वर्ग (किसान मजदुर) र आधुनिक श्रमिक बर्गपनि माओवादीसँग अलग हुँदै गयो । माओवादीले न भूमिसुधारको मुद्दामा आफूलाई उभ्यायो न शिक्षा र स्वास्थ्यको मुद्दामा जनताको पक्षमा उभ्यायो । संघीयताको अर्थ राजनीति माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा १ लाखको बजेट सैंय सरकारबाट हालेर धज्जी उडाउने काम भयो । समानुपातिक समावेशी लोकतन्त्रको राजनीतिक मुद्दालाई आर्थिक र सामाजिक क्षेत्रमा विकास गर्नुपर्ने थियो । दुर्भाग्यको कुरा सूर्य बहादुर सेन ओलीहरूलाई समानुपातिक सांसद बनाएर यही हो महान् उपलब्धि भने जस्तो भाष्य निर्माण गरियो । न नवउदारवाद न राज्य नियन्त्रित अर्थतन्त्र-कुहिरोको काग जस्तो बन्यो माओवादी । माओवादीलेआफ्नो मौलिक आर्थिक विकास मोडेल दिन सकेन । यही हो माओवादी अलमल र अन्यौलता । लामो समय सत्तामा बसेर पनि र अनेकपटक शिक्षा मन्त्रालयको नेतृत्वमा माओवादी नेता गए पनि माओवादी क्रान्तिका महत्वका बारेमा हामीले पाठ्यक्रमहरू बनाउन सकेनौं ।

*(साभार:रातोपाटी)*

# दलीय किचलो र निलम्बनले आएन २७ पालिकाको बजेट, मधेशका मात्रै १९

काठमाडौं/आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको एक महिना बितिसकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) र (५) अनुसार स्थानीय तहको सभामा बजेट पेश हुनुपर्ने र सोही दफाको उपदफा (६) बमोजिम असार मसान्तभित्र सभाबाट पारित गरिसक्नुपर्ने व्यवस्था छ ।

तर देशभरिका ७५३ स्थानीय तहमध्ये २७ वटाले अहिलेसम्म बजेट नै ल्याउन सकेका छैनन् । बजेट पारित हुन नसकेका वा बजेट नै नल्याएका स्थानीय तहले १ साउनबाट एक रुपैयाँ पनि खर्च गर्न मिल्दैन । यसलाई बोलीचालीमा 'बजेट होलिडे' भनिन्छ ।




बजेट ल्याउन नसकेका स्थानीय तहहरूमध्ये अधिकांश मधेशका छन् । साउन मसान्तसम्म ७ वटा नगरपालिकाले बजेट ल्याएका छैनन् जसमा ५ वटा मधेश प्रदेशका मात्रै छन् । यस्तै २० वटा गाउँपालिकाले बजेट ल्याएका छैनन् तिनमा १४ वटा मधेश प्रदेशका छन् । चितवनको राप्ती नगर पालिका र ललितपुरको गोदावरी नगरपालिका बाहेक मधेश प्रदेशका ५ वटा नगरपालिकाले बजेट ल्याउन नसकेका हुन् ।

**भ्रष्टाचारमा निलम्बन**

स्थानीय सरकारहरूले समयमा बजेट ल्याउन नसक्नुको सबैभन्दा प्रमुख कारण पालिकाहरूमा देखिएको आन्तरिक किचलो हो । त्यसपछि अर्को कारण हो पालिकाको नेतृत्व विभिन्न मुद्दामा निलम्बनमा पर्नु । त्यसबाहेक केही पालिकाहरूमा कर्मचारी अभावका कारण पनि बजेट ल्याउन नसकेको स्थानीय जनप्रतिनिधिको भनाइ छ । मधेशका कतिपय पालिकामा अध्यक्ष वा मेयर निलम्बनमा परेका कारण स्थानीय तहले बजेट ल्याउनै पाएका छैनन् । राजविराज नगरपालिकामा मेयर भीमराज यादव भ्रष्टाचार मुद्दामा दोषी ठहर भएपछि कार्यपालिकाले बजेट ल्याउन सकेको छैन । प्रमुख भ्रष्टाचार मुद्दामा दोषी ठहर हुँदैमा बजेट ल्याउन रोकिने होइन । उप-प्रमुखले कार्यवाहक भएर पनि यो काम गर्न सकिन्छ । तर, उपप्रमुख इसरत परविनले यसबारेमा बोल्नै मानिनन् ।

रौतहटको फतुवा विजयपुर नगरपालिकाले पनि बजेट ल्याउन सकेन । मेयर गोपाल यादव भ्रष्टाचार मुद्दामा निलम्बनमा परेपछि अहिले नगरपालिकामा उपप्रमुख अमबेया खातुन कार्यवाहक प्रमुख छिन् । बजेट नआएको विषयमा संचारकर्मीले प्रश्न गर्दा उनले आफूलाई केही थाहा नभएको भन्दै आफ्ना श्रीमान् मोहम्मद सिराजसँग कुरा गर्न भनिन् ।

कार्यवाहक प्रमुखका श्रीमान् सिराजका भनाइमा, अहिले बजेट नआउनुको कारण लेखा प्रमुख नहुनु हो । 'हाम्रो बजेट आएको छैन, अदालतले रोकेको भन्ने सुनिन्छ । मुखियाहरू रिसाएर बसेका छन् । हाकिम र लेखा प्रमुखले बजेट ल्याउँछ भनेका छन् । अब म नगर परिषद् बोलाउँछु', उनले भने ।

ललितपुरको गोदावरी नगरपालिकामा बजेट ल्याउनुपर्ने समयमा मेयर गजेन्द्र महर्जन र उपमेयर मुना अधिकारी निलम्बनमा परेका थिए । २१ जेठ २०८१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लेले र नल्लुका ढुंगाखानीबाट रोडा-ढुंगा उत्खनन् गर्दा भ्रष्टाचार भएको भनी मेयर र उपमेयर विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेपछि उनीहरू निलम्बनमा थिए ।

दुई महिना भन्दा बढी मेयर, उपमेयर निलम्बन हुँदा नगर पालिकामा कसैले पनि कार्यवाहक पाएन, ३० साउनमा विशेष अदालतले सफाइ दिएपछि मेयर र उपमेयर दुवै फेरि पुरानै जिम्मेवारीमा फर्केका छन् । गोदावरीले भदौ दोस्रो सातासम्म बजेट पारित गर्ने दाबी गरेको छ ।

सर्लाहीको बागमती नगरपालिकाका मेयर उपमेयर दुवै जना भ्रष्टाचार मुद्दामा निलम्बन परेपछि साउनको अन्तिममा आएर ज्येष्ठ वडाध्यक्ष कृष्ण लामाले चालु आवको बजेट ल्याएका थिए ।

**विवाद र कर्मचारी अभाव**

चितवनको राप्ती नगर पालिकाका वडाध्यक्षहरूले नगरसभा बहिष्कार गरेपछि अहिलेसम्म बजेट आएको छैन । वडागत बजेट सिलिङ नमिलेको भन्दै वडाध्यक्षहरूले बजेट ल्याउन दिएका छैनन् । यहाँ बजेट नआउनुमा राजनीतिक द्वन्द्वले काम गरेको देखिन्छ । नगरपालिकाका मेयर शमशेर लामा नेकपा (एकीकृत समाजवादी) बाट निर्वाचित भएका हुन् । उपप्रमुख कांग्रेसका छन् भने कार्यपालिकामा एमालेको बहुमत छ । कार्यपालिकामा एमालेबाट १६, नेपाली कांग्रेसबाट ४ र समाजवादीबाट ३ जना छन् । नगरपालिकाका एक जनप्रतिनिधिका अनुसार, अब वडाध्यक्षहरूले मागेको सिलिङ पठाएर १६ भदौमा नगरसभाबाट बजेट पास गर्ने तयारी छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा पनि आन्तरिक विवादले समयमा नै बजेट आएको छैन । 'असार मसान्तसम्म आउनुपर्ने बजेट आन्तरिक, प्राविधिक कारणले नआएको हो । भदौ मसान्तसम्म बजेट आउँछ', संचारकर्मीसँग मेयर राम लखन मलाहले भने । उनले नगरपालिकामा नेकपा एमालेको बहुमत भए पनि नगरसभा सञ्चालनमा केही समस्या भएको बताए ।

गाउँपालिका अध्यक्ष विश्वेश्वरप्रसाद यादवले कार्यपालिका बैठक नै नराखेको भन्दै महोत्तरीको सोनमा गाउँपालिकाको बजेट अहिलेसम्म आएको छैन । उपाध्यक्ष जहिदा खातुनका अनुसार, अध्यक्ष यादवले बैठक नै राखेका छैनन् र बैठक राख्ने अधिकार पनि दिएका छैनन् । उपाध्यक्ष खातुनका तर्फबाट बोल्दै उनका श्रीमान् रिहदुल अन्सारीले आफूहरू अदालत गएकोले बजेट नआएको बताए ।

सिरहाको नवराजपुर गाउँपालिकाका अध्यक्ष शिव उदगार यादवका अनुसार कर्मचारी अभावको कारण यो पालिकाले समयमै बजेट ल्याउन सकेन । 'लेखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बिदामा भएकोले बजेट आएन । अहिले सूचकहरू इन्ट्री भइरहेको छ । एक-दुई दिनमा बजेट आउँछ', यादवले संचारकर्मीसँग भने । सप्तरीको रूपनी गाउँपालिकाले पनि चालु आर्थिक वर्षको बजेट ल्याउन सकेको छैन । गाउँपालिकाका वडाध्यक्ष सरोजकुमार यादवले गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा बजेट नआएको बताए । 'निमित्तको भरमा पालिका चलिरहेको छ । योजना प्रमुख पनि छैनन्, कर्मचारी पनि छैनन् । त्यही भएर बजेट नआएको हो', उनले भने ।

**सहजीकरण र चेतावनी**

गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी अधिकृत राजेन्द्र प्याकुरेलका अनुसार महासंघको टोली नै यस्ता पालिकाहरूमा खटेर बजेट ल्याउन सहजीकरण समेत गरिरहेको छ । 'बजेट समयमा ल्याउन नसकेका १७ वटा गाउँपालिकाहरूमा हाम्रो सहजीकरणले बजेट ल्याउने वातावरण बनेको छ', उनले भने ।

मनमुटाव, आपसी समझदारीको अभाव भएको ठाउँमा महासंघको टोली गएर बजेटको महत्व, यसले पार्ने असरबारे सहजीकरण र छलफल गरेर वातावरण बनाइ रहेको उनको भनाइ छ । बजेट ल्याउन नसकेको पालिकाहरूमा त्यहाँस्थित सबै राजनीतिक दल, नागरिक समाज राखेर छलफल चलाएर बजेट ल्याउने वातावरण सिर्जना गर्न विभिन्न ठाउँमा महासंघका पदाधिकारीको टोली खटाइएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष डा. बालानन्द पौडेलले स्थानीय सरकारहरू बजेटका सन्दर्भमा संवेदनशील नभएको बताउँछन् । चुनाव जित्नु मात्रै नभई स्थानीय सरकार चलाउन पनि नेतृत्वले सिक्नुपर्नेमा पालिकाहरू बजेट ल्याउने विषयमा समेत तुलनात्मक रूपमा झन् खराब हुँदै गएको बताए ।

'अघिल्लो पटकभन्दा यसपटक बजेट ल्याउने विषयमा सुधार हुनुपर्ने थियो तर अवस्था झन् खराब देखिएको छ । यसले स्थानीय सरकार पहिलेभन्दा झन् बढी गैरजिम्मेवार जस्ता देखिए, परिपक्वता देखिएन', उनले भने । आयोगले कार्य सम्पादन मूल्यांकनमा कडाइसाथ १० असारमा बजेट प्रस्तुत र असार मसान्तसम्ममा पारित गरिएको, नगरिएको हेर्ने भए पनि स्थानीय सरकारहरू झन् अटेरी भएको पौडेलको भनाइ छ । अघिल्लो पटक पास भएका स्थानीय सरकारमा समेत यो पटक बजेट पास नहुनुले परिपक्वताको कमी देखिने पौडेलको भनाइ छ । उनले अनुदान कटौती मात्र नभई बजेट अनुशासन उल्लंघन गर्ने पालिकालाई अन्य विषयमा पनि कडाइ गर्नुपर्ने बताए ।

**"होलिडेमा काम ठप्प हुन्छ"**

बजेट होलिडेमा खर्च तथा राजस्वको काम ठप्प हुने पौडेलको भनाइ छ । 'साउन १ गतेबाट खाता बन्द नै हुन्छ । बैंकले नै स्थानीय सरकारको खाता सञ्चालनमा रोक लागेपछि पालिकाको काम ठप्प हुन्छ । यसले प्रत्यक्ष सेवा दिने सरकार नै रोकिएको आभास जनतालाई हुन्छ', पौडेलले भने ।

स्थानीय सरकार विज्ञ संविधानसभा सदस्य कृष्ण सापकोटा कानुनी रूपमा बजेट होलिडे हुने भएकाले पालिका ठप्प हुने बताउँछन् । 'केही प्रशासनिक खर्च गर्न भने सरकारले छुट दिन सक्ला । तर, कानुनी प्रावधान के हो भने बजेट पास नभएसम्म खर्च गर्न मिल्दै मिल्दैन', उनले भने ।

नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ स्थानीय पालिकाहरूले बजेट समयमै ल्याउन नसक्नुमा संघीय सरकारले पनि गम्भीर बन्नुपर्ने बताउँछन् । 'कतिपय पालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृत छैनन्, बजेट टिपोट गरेर लेख्न सक्ने कर्मचारी पनि छैनन्, लेखा प्रमुख छैनन्, योजना प्रमुख छैनन् पालिकालाई मात्रै भनेर हुँदैन', गाउँपालिका महासंघका एक पदाधिकारी भन्छन् ।

नेपाल नगरपालिका संघका कार्यकारी अधिकृत कलानिधि देवकोटा नगरहरूले समयमै बजेट ल्याउन नसक्नु वित्तीय अनुशासनको कमी भए पनि अन्य कारण पनि रहेको बताउँछन् । 'कतिपय नगर पालिकामा प्रमुख प्रशासकीय अधिकृत छैनन्, पर्याप्त कर्मचारी छैनन्, त्यो कारण पनि हेर्नुपर्छ', उनले भने । धेरैजसो समस्या राजनीतिक द्वन्द्वसँग सम्बन्धित भएकोले समस्या समाधान गर्न बारम्बार खबरदारी गरिरहेको देवकोटाको भनाइ छ ।

यस्तै तर्क गाउँपालिका राष्ट्रिय महासंघको पनि छ । गाउँपालिकाहरूले समयमै बजेट ल्याउन नसक्नुको पछाडि गाउँपालिकामा अध्यक्ष अस्वस्थ भई कार्यक्षेत्र बाहिर रहनु, प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थिति, जनप्रतिनिधिबीच आपसी द्वन्द्व तथा बजेट विनियोजनमा विवाद जस्ता कारण रहेको महासंघको भनाइ छ ।

'धेरै स्थानीय तहहरूको क्षमतामा पनि संघीय सरकारले काम गर्नुपर्ने छ । वित्तीय ज्ञान जनप्रतिनिधिलाई आवश्यक छ । यो कुरा संघीय सरकारले पनि बुझ्नुपर्छ', देवकोटा भन्छन् ।

सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयका एक सहसचिव अहिले स्थानीय तहमा देखिरहेको बजेट समस्याको एउटा कारण चुनावी गठबन्धन पनि भएको बताउँछन् । 'चुनाव जित्न धेरै ठाउँमा राजनीतिक दलहरूबीच गठबन्धन भयो । त्यो हुँदा कतिपय ठाउँमा मेयर वा अध्यक्ष एक्लैले जिते वा उनको दल अल्पमतमा पर्‍यो । त्यसो हुँदा कार्यपालिकाको असहयोगले बजेट नै आएको छैन', ती सहसचिवले भने ।

'बाराको सिमरा उपमहानगरपालिकामा त्यही कारणले लफडा भयो । चितवनको राप्ती नगरपालिकाको अवस्था पनि त्यही हो । हामीले गठबन्धन नगर भन्न मिल्दैन तर गठबन्धनको कारणले प्रमुख, उपप्रमुख अल्पमतमा हुँदा पालिकाहरूमा धेरै समस्या हुनेरहेछ', उनले भने ।

'अघिल्लो वर्ष नदेखिएको समस्या यो पटक काठमाडौं महानगर र धरान उपमहानगरमा समेत देखियो । अल्पमतको नेतृत्वमा रहेको पालिकालाई बजेट ल्याउन हम्मे परिरहेको छ । यसमा राजनीतिक दलहरूले पनि धेरै पर सम्म सोचेर निर्णय गर्नुपर्छ' ती सहसचिव भन्छन्, 'पालिकाको भविष्य संघीयता र व्यवस्थासँग पनि जोडिएको छ । यसमा दलहरू गम्भीर हुनुपर्ने हो ।'

*(स्रोत: अनलाइनखबर)*

# 'रावायण' ट्रेलरमा प्रेम र बदलाको कथा, पलको सशक्त एक्सन

काठमाडौं/कुनै बेला नेपाली फिल्म 'एक्सन युग'मा थियो । लगभग हरेक फिल्म नै एक्सन कथामा बन्दथे । तर, 'लुट' र 'कबड्डी' जस्ता फिल्मले परम्परागत कथ्य संरचनाको सिलसिला भत्काएपछि सामाजिक कथाको बाढी आयो । एक दशक यसैमा रुमलिएको नेपाली फिल्म अब फेरि एक्सनमै फर्किन थालेको देखिन्छ । अहिले एकपछि अर्को एक्सन फिल्म आइरहेका छन् । त्यसमध्ये एक हो, 'रावायण' ।



दुई साताअघि सार्वजनिक टिजरले फिल्म एक्सन प्रधान रहेको प्रष्ट पारेको थियो । बिहीबार फिल्मको ट्रेलर सार्वजनिक गरिएको छ, जुन एक्सनले भरिएको छ । हिंसात्मक बाटो अपनाएको एउटा पात्रले प्रेमका लागि मच्चाएको वितण्ड र प्रेमको रक्षाका लागि अर्को पात्रले गरेको संघर्षलाई ट्रेलरले देखाउँछ । दोहोरो भूमिकामा देखिएका अभिनेता पल शाह सशक्त एक्सन अवतारमा प्रस्तुत छन् ।

अभिनेत्री पूजा शर्मा टीभी पत्रकारको भूमिकामा छिन् । अर्की अभिनेत्री प्रियंका कार्की मुश्लिम महिलाको भूमिकामा देखिएकी छन् । ट्रेलरमा एक्सन दृश्यहरु सशक्त छन् । संवादहरु पनि वजनदार छन् । क्यानभास ठूलो छ । मेकिङमा मिहिनेत र खर्च झल्किन्छ । एक्सनप्रति रुचि हुने दर्शकलाई फिल्मले आकर्षित गर्न सक्छ । 'रावायण' यही भदौ २१ गते अर्थात् तीज विदाबाट प्रदर्शन हुँदैछ ।

सुदर्शन थापाको निर्माण तथा निर्देशन रहेको फिल्ममा प्रमोद अग्रहरी, प्रकाश शाह, प्रदीप ढकाल, अर्जुनजंग शाही, कैलाश रावल, शर्मिला मल्ल लगायतको पनि अभिनय छ । एक गीतमा अभिनेत्री नीकिता चाण्डकको नृत्य गरेकी छन् । फिल्ममा सौरभ लामाको छायांकन शिवम अधिकारीको लेखन, प्रदीप श्रीवास्तवको पटकथा, मिलन श्रेष्ठको सम्पादन एवं श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको छ ।

# 'एक्टर'को फर्स्टलुकमा प्रदीपको पाँच गेटअप

काठमाडौं/'स्टार' अभिनेता प्रदीप खड्काले क्लाकारकै भूमिकामा अभिनय गरेको फिल्म 'एक्टर'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । जसमा प्रदीप मात्र चित्रित छन् । तर, उनी पाँच भिन्न गेटअपमा प्रस्तुत छन् । कुनैमा उनी टाउको र हातमा ब्यान्डेज बाँधेर घाइते अवस्थामा देखिएका छन् भने कुनैमा विमान चालकको पोशाकमा छन्, जसले फिल्ममा प्रदीपको बहुरुपी चरित्र रहेको दर्शाउँछ । आगामी कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शनमा आउन लागेको फिल्ममा प्रदीपसहित आना शर्मा, राजबल्लभ कोइराला, दिव्य देव, दिव्या रायमाझी, सुशील सिटौला उषा रजक, सिर्जना अधिकारी, अनुज पाण्डे लगायतको पनि अभिनय छ । अभिनेता दीलिप रायमाझीकी छोरी दिव्याको यही फिल्मबाट डेब्यु भएको हो । र, यही फिल्मबाट राजबल्लभले १० वर्षपछि पुनरागमन गरेका छन् ।

राजन भुसालको डेब्यु निर्देशनमा तयार भएकोफिल्मका निर्माता थमन कुमार भण्डारी हुन् । निर्देशक भुसाल र आकाश बरालको लेखन रहेको फिल्ममा नरेन्द्र मैनालीको छायांकन, शिशिर खाती र किरण थापाको कोरियोग्राफी, अष्ट महर्जनको द्वन्द्व तथा निमेश श्रेष्ठको सम्पादन छ । कलाकारको 'लाइनअप' बलियो भएकाले फिल्मले तिहार विदाको फाइदा उठाउन सक्ने सम्भावना देखिन्छ ।

# साउनमा ५७ हजार टन रासायनिक मल आयात, ५५ हजार आउँदै

काठमाडौं/सरकारले चालु आर्थिक वर्ष (आव) २०८१/८२ को पहिलो महिना साउनमा ५७ हजार ९२५ टन रासायनिक मल आयात गरेको छ । कृषि सामग्री र साल्ट ट्रेडिङ कम्पनी लिमिटेडबाट सो परिमाणमा युरिया र डीएपी मल आयात भएको हो ।

कृषि सामग्री लिमिटेडले ३८ हजार ४६२ टन युरिया, १३ हजार ६८४ टन डीएपी आयात गरेको छ । साल्ट ट्रेडिङ कम्पनीले भने ५ हजार ७७८ टन युरिया आयात गरेको हो । चालु आवमा पोटास मल भने आयात भएको छैन । दुवै कम्पनीले थप मल ल्याउने तयारी गरिरहेको मन्त्रालयले जनाएको छ । साल्ट ट्रेडिङले २५ हजार टन र कृषि सामग्रीले ३० हजार टन युरिया मल नेपाल आयात गर्न लागेको मन्त्रालयले जनाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले वार्षिक ५ लाख ५० हजार टन रासायनिक मल भित्र्याउने लक्ष्य रोखेको छ ।

**कति छ मौज्दात ?**

मन्त्रालयका अनुसार गत वर्षको बाँकी मौज्दात र आयात सहित साउनसम्म १ लाख २३ हजार १६७ टन रासायनिक मल मौज्दात छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# धितो सुरक्षण लिलाम बिक्री गर्ने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना !

**(सूचना प्रकाशित मिति: २०८१।०५।०७)**

यस नेपाल फाइनान्स लिमिटेडको हेटौंडा शाखाबाट ऋणकर्जा कारोवार गर्ने तपशिलमा उल्लेखित बमोजिमका ऋणीले उपभोग गरेको ऋणकर्जाको शर्त बमोजिम समयावधि भित्र कर्जाको बुझाउनु पर्ने साँवा व्याज नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गरेको र पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । अत: सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा व्याज तथा अन्य दै-दस्तुर समेतको रकम चुक्ता गर्न गराउनु हुन सम्बन्धीत ऋणी जेथाजमानीकर्ता तथा व्यक्तिगत जमानी बस्ने महानुभावहरुलाई यसै सूचनाद्धारा सूचित गरिन्छ । उक्त अवधि भित्र कर्जा चुक्ता फर्छ्यौट नभएमा बैक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा कर्जा लिँदाका बखत धितो सुरक्षण वापत लेखाई दिएको तपशिल बमोजिमको सम्पति जायजेथा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्थामा गोप्य शिलबन्दी वोलपत्रद्वारा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले उपरोक्त जायजेथा खरिद गरी लिन ईच्छुक महानुभावहरुलाई तपशिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नु हुन यसै सूचनावाट जानकारी गराईन्छ । साथै धितो सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणीको अन्य जायजेथाहरुबाट बाँकी लेना रकम असुल उपर गरिनुकासाथै ऋणीहरुको नाम कर्जा सूचना केन्द्र लि.को कालो सूचिमा समावेश गर्न शिफारिस गरि पठाईने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणी तथा धितो सुरक्षणको विवरण | व्यक्तिगत जमानीकर्ताहरूको विवरण |
|---|---|
| **१. शाखा कार्यालय: हेटौंडा**<br>**(क) ऋणिको नाम: राजु श्रेष्ठ**<br>ना.प्र.न : १९/१०४६, जि.प्र.का. मकवानपुर<br>स्थायी ठेगाना : हेटौंडा न.पा. वडा नं.४, मकवानपुर<br>हालको ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं.४, मकवानपुर<br>बुवाको नाम : सुर्जे बहादुर श्रेष्ठ<br>बाजेको नाम : गणेश बहादुर श्रेष्ठ<br>**(कर्जा शिर्षक : आवधिक घर कर्जा)**<br>**धितो सुरक्षणको विवरण:**<br>राजु श्रेष्ठको नाउमा दर्ता रहेको मकवानपुर जिल्ला हटिया गा.वि.स./न.पा. वडा नं.२ स्थित कि. नं. ५२०० को क्षेत्रफल ०-१-०-० (बि.क.धु) जग्गा । | **व्यक्तिगत जमानीकर्ताको विवरण:**<br>**१. नाम : शर्मिला श्रेष्ठ**<br>ना.प्र.न : ५५/३६८४१, जि.प्र.का. मकवानपुर<br>स्थायी ठेगाना : पालुङ्ग उ.म.न.पा./गा.वि.स वडा नं.६, मकवानपुर<br>हालको ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं.४, मकवानपुर<br>बुवाको नाम : ईश्वर मान श्रेष्ठ<br>ससुराको नाम : सुर्जे बहादुर श्रेष्ठ<br>पतिको नाम : राजु श्रेष्ठ |

**बोलपत्र सम्बन्धी शर्तहरू:**

१. बोलपत्र फाराम यस संस्थाको कमलादी स्थित केन्द्रिय कार्यालयबाट रु.१,०००/ तिरी प्राप्त गर्न सकिने छ ।
२. यो बोलपत्र सूचना प्रकाशित भएको मितिले ३६औं दिन अर्थात मिति २०८१/०६/११ गते शुक्रबार दिनको २:०० बजे यस संस्थाको केन्द्रिय कार्यालय कमलादी, काठमाडौंमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।
३. आफूले सकार गर्न चाहेको जायजेथाको बिवरण तथा आफूले कबोल गरेको रकम, अंक र अक्षरमा प्रष्टसंग उल्लेख गरी निवेदनको रुपमा दाखिला गर्नु पर्नेछ ।
४. आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम संस्थामा जम्मा गरेको भौचर निवेदनसाथ पेश गर्न पर्नेछ ।
५. बोलपत्रदाताले संस्थाबाट लिलाम हुने चल अचल सम्पत्ति (धितो सूरक्षण) जहाँ जे जस्तो अवस्था र परिणाममा छ, सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र आफूले कबुल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको चल/अचल सम्पत्ति आफ्नो जिम्मामा लिनु पर्नेछ ।
८. अधिकतम अंक कवोल गरी बोलपत्र पेश गर्ने व्यक्तिलाई धितो सुरक्षण विक्री गरिने छ, तर सो अंकमा बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
९. धितो सुरक्षण सकार गरी नामसारी गर्दा लाग्ने मालपोत/तिरो, सम्पत्ति कर, राजश्व तथा लाभकर लगायत अन्य सम्पूर्ण पास खर्च तथा दैदस्तुरहरु लिलाम सकार गरि लिनेले नै व्यहोर्नु पर्नेछ ।
१०. बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी चाहिएमा संस्थाको हेटौडाशाखा कार्यालय वा कमलादी,काठमाण्डौ स्थित केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**नेपाल फाईनान्स लिमिटेड**
**Nepal Finance Limited**
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त संस्था"
**मुख्य कार्यालय** : कमलादी, काठमाण्डौ
**फोन नं.**: ०१-४५४५८८५/०१-४५४५८८६
इमेल: info@nepalfinance.com.np वेभसाइट: www.nepalfinancelimited.com.np

# पुनको अभियानमा उपमहानगरको साथ, पाँच लाखका पुस्तक खरिद

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ बीरगञ्जमा रहेको कृषिऔजार कारखाना सञ्चालनका लागि बैज्ञानिक महावीर पुनको अभियानमा हेटौंडा उपमहानगरपालिकाले ५ लाख रुपैयाँ बराबर सहयोग गर्ने भएको छ ।

बिहिवार पुस्तक बिक्री अभियान लिएर हेटौंडा उपमहानगर पालिका आइपुगेका पुनको अभियानमा सहयोग गर्दै ५ लाख रुपैयाँ बराबरको पुस्तक खरिद गर्ने प्रतिबद्धता जनाएको हो । पुस्तक बिक्री अभियानमा २०२ दिनदेखि हिडिरहेका पुनले सबैको सहयोगबाट पुस्तकको बिक्री बढिरहेको बताए ।

सुदुरपश्चिम प्रदेशबाट अभियान सञ्चालन गरेका बैज्ञानिक पुनले लुम्बिनी, गण्डकी हुँदै बागमती प्रदेशको चितवन र हेटौंडामा पुस्तक बिक्री गरिरहेका छन् । हेटौंडामा अझै केही दिन बिक्री अभियान सञ्चालन गर्ने सोच रहेको उनले बताए । उपमहानगरको सभाहलमा आयोजना भएको पुनको स्वगतमा नगरप्रमुख मीनाकुमारी लामाले स्वच्छरुपमा सञ्चालन गरिएको अभियानमा उपमहानगरले साथ दिने बताइन् । उनले नगरका बिभिन्न वडा, पुस्तकालय, ज्ञान केन्द्रका लागि खरीद गरेको पुस्तक अध्यनका लागि राख्ने व्यवस्था मिलाउँने बताइन् ।

पुस्तक अभियानमा उपमहानगर आइपुगेको बैज्ञानिक पुनले सरकारले काम लगाएर भुक्तानी नदिएपछि आफैंले कृषिऔजार कारखाना सञ्चालनको तयारी गरेको बताए । उनले बीरगञ्जमा रहेको कारखानालाई मर्मतको जिम्मेवारी दिएपनि काम पछि भुक्तानीको व्यवस्था नगर्दा आफैं कारखाना सञ्चालनको अभियानमा जोडिएको बताए । उनले भने 'दिएको जिम्मेवारी अनुसार १ करोड रुपैयाँ खर्च गरेर काम गऱ्यौं, भुक्तानीको समयमा समस्या भयो, सरकारले पैसा दिने सम्भावना नदेखेपछि कारखाना सञ्चालनको तयारी अघि बढायौं ।'

उनले अहिले साना किसिमका औजारको उत्पादन थालिएको बताए । आउँदो ६ महिनाभित्र बजारमा जाने गरी ८/९ वटा कृषिऔजारको उत्पादन गर्न बैज्ञानिक ढंगबाट अनुसन्धान गरिरहेको जानकारी दिए । चिन र भारतबाट आउँने औजारको मात्रालाइ केही प्रतिशत रोक्नसके मुलुकलाई आर्थिक भार नपर्ने गरी कामलाई अघि बढाइएको बैज्ञानिक पुनले जानकारी दिए ।

देशभर पुस्तक बिक्री अभियानमा रहेका उनले अहिलेसम्म १ लाख २५ हजार पुस्तक बिक्री भइसकेको बताए । जनसंख्याको १ प्रतिशतले मात्र पुस्तक खरीद गरेपनि कारखाना सञ्चालनका लागि २० करोड रुपैयाँ संकलन गर्न सकिने उनको आंकलन थियो । २०४९ सालबाट बन्द रहेको कारखाना सञ्चालनका लागि पुनकै नेतृत्वमा मर्मत गरिएको थियो । कारखाना सञ्चालनपछि ४ सय जना नागरीकले प्रत्यक्ष रोजगारी पाउँने बताइएको छ ।

उपमहानगरमा आएका बैज्ञानिक पुनलाई नगरउपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले स्वागत गर्दै नगरले अभियानमा साथ दिर्दै पुस्तक खरीद गर्ने बताए । राष्ट्रका लागि सञ्चालन गरिएको अभियानलाई सबैले सहयोग गर्नुपर्ने भन्दै उपमहानगर पनि साथ दिन तयार रहेको जानकारी दिए । कारखानाबाट उत्पादन भएको कृषिऔजारले मुलुकको कृषिक्रान्तिमा नयाँ आयाम थप्ने बिश्वास व्यक्त गरे ।

# हेटौंडामा मनाइयो तामाङ पहिचान दिवस

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ हेटौंडामा बिहीबार ९२ औं तामाङ पहिचान दिवस मनाइएको छ । वि.सं. १९८९ भदौ ६ गते नेपालभित्र विभिन्न नामले बोलाइने जातिलाई 'तामाङ' लेख्न-लेखाउन सनदपत्र जारी गरेकाले सोही दिनलाई तामाङ पहिचान दिवस रुपमा मनाउने गरिएको छ ।

नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा तामाङ भाषा, कला, संस्कृति, इतिहास, दर्शन र ज्ञानको विविध आयामका पक्षमा विचार तथा विमर्शसहित विविध कार्यक्रम गरी तामाङ पहिचान दिवस मनाइएको हो । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा (तामाङ) ले संघर्ष र लडाइँ गरेर भएपनि तामाङ समुदायलाई स्थापित हुन आग्रह गरे ।

तामाङ समुदायले आफ्नो पहिचान स्थापित गर्न सकेकोमा खुशी व्यक्त गर्दै मुख्यमन्त्री लामाले नीति निर्माण तहमा तामाङ समुदाय पुग्नु पर्नेमा जोड दिए । 'पहिला तामाङ समुदायले केही गर्न सक्दैन र भारी बोक्ने काममात्र गर्छ भन्ने भ्रम थियो । अब तामाङ समुदायले पढेर केही गर्छ भन्ने कुरा स्थापित भइसकेको छ,' उनले भने । मुख्यमन्त्री तामाङले आफ्नो कार्यकालमा कानुन बनाउनेदेखि विकास निर्माण कार्यमा तामाङ समुदायका अगुवाहरुसँग सल्लाह र सुझाव लिने बताए ।

तामाङ घेदुङ मवानपुरले मुख्यमन्त्री लामा (तामाङ), बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री सुकुमाया तामाङ लगायत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, नेपाल तामाङ घेदुङ वागमती प्रदेशमा निर्वाचित पदाधिकारी, कलाकार र २०८०/८१ को एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीसहित २४ जनालाई कदरपत्र प्रदान गरी सम्मान गरेको थियो ।

# ब्याडमिन्टन प्रतियोगितामा थाहाका १३ टिमको प्रतिस्पर्धा

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/थाहा नगरस्तरीय जेसीज कप खुल्ला मेन्स डबल ब्याडमिन्टन प्रतियोगितामा थाहानगरका १३ टिमले प्रतिस्पर्धा गर्ने भएका छन् ।

पालुङ जेसीजको आयोजना तथा थाहा नगरपालिका-३ को सहयोगमा थाहानगरस्तरीय जेसीज कप ब्याडमिन्टन प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिता आगामी भदौ १३ गतेदेखि १५ गतेसम्म थाहा ४ क्याम्पाडाँडामा रहेको ब्याडमिन्टन कभर्डहलमा हुने पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले जानकारी दिए ।

प्रतियोगिताको बिजेता र उपबिजेता टिमले क्रमश: नगद १० हजार, ७ हजार नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने बिधागत उत्कृष्ठ खेलाडीले नगद २ हजार ५ सय, ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । प्रतियोगिताको बिजेता टिमले प्राप्त गर्ने नगद पुरस्कार पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष रायमाझीले आफ्नो स्वर्गीय हजुर बुबा रणबहादुर रायमाझीको स्मृतिमा प्रायोजन गर्ने कार्यक्रम संयोजक सुशान्त श्रेष्ठ (च्याङ) ले जानकारी दिए ।

खेलको माध्यमबाट समाजका युवालाई एकताबद्ध गरी समाजको समृद्धि र विकासमा सक्रिय बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष रायमाझीले बताए ।

फरक सोच र थाहानगर ब्याडमिन्टन संघ र शिखर क्लवको समन्वयमा हुने प्रतियोगितामा श्रेष्ठ (च्याङ) र अनिल बिष्ट, कपिल खत्री र भुवन रायमाझी, नारायण बिष्ट र हरि बिष्ट, देब अर्याल र नरेन्द्र मोक्तान, ईशाक केसी र नरेन्द्र लामा, सुनिल बिष्ट र सन्तोष के.सी.को टिम दर्ता भएको छ ।

त्यस्तै, सुवास थापा र समराज पाखिन, साङ्गे लामा र कुमार रायमाझी, संग्राम खत्री र मधुसुदन चौधरी, रामचन्द्र कार्की र बिमल बिष्ट, रोशन गोपाली र घनश्याम श्रेष्ठ, नबीन रायमाझी र मनिष तामाङ, कविन्द्र ओड र प्रकाश चौधरीको गरी १३ टिमले नाम दर्ता गराएको आयोजकले जनाएको छ ।

प्रतियोगिता अन्तरगत १३ र १४ गते लिग चरणको खेल हुनेछ भने १५ गते शनिवार बिहान ७ बजेदेखि क्वाटरफाईनल खेल, दिउँसो ३ बजेदेखि सेमिफाइनल खेल र साँझ ५ बजे फाईनल खेल हुने ब्याडमिन्टन प्रतियोगितामा कार्यक्रम संयोजक श्रेष्ठले बताए ।

# मकवानपुरको तीन पालिकामा मात्र शतप्रतिशत विद्युतीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ मकवानपुरको १० पालिकामध्ये ३ वटा पालिकामा मात्र शतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी ७ पालिकामा अझै शतप्रतिशत विद्युतीकरण हुन नसकेको नेपाल विद्युत प्रमधिरणले जनाएको छ ।

प्राधिकरणले विस्तृत अध्ययन गरी तयार पारेको 'विद्युतीकरण तथ्यांक २०८१' मा यो तथ्यांक उल्लेख गरिएको छ । तथ्यांक अनुसार थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका र हेटौंडा उपमहानगरमा शतप्रतिशत विद्युतीकरण भएको छ । जिल्लामा सबैभन्दा कम विद्युतीकरण भएको पालिका भीमफेदी हो । यस पालिकाको कुल घरधुरीमध्ये ९९.६३ प्रतिशतमा मात्र विद्युतीकरण भएको तथ्यांकमा उल्लेख छ ।

त्यसैगरी कैलाश गाउँपालिकामा ९९.८८ प्रतिशत, बकैयामा ९९.८९, बागमतीमा ९९.९०, मकवानपुरगढीमा ९९.६६, मनहरीमा ९९.८७ र राक्सिराङ गाउँपालिकामा ९९.९० प्रतिशत विद्युतीकरण भएको छ । तथ्यांक अनुसार मकवानपुरको कुल १ लाख ७ हजार ९०९ घरधुरीमध्ये ९९.९३ प्रतिशत घरमा विद्युतीकरण भएको प्राधिकरणको तथ्यांकमा उल्लेख गरिएको छ ।

प्राधिकरणको तथ्यांक अनुसार मकवानपुरमा दुईवटा सबस्टेशनमार्फत २४.६ मेघाभोल्ट एम्पियर (एमभिए) लाइन वितरण भइरहेको छ । यसअन्तर्गत मनहरी गाउँपालिकाको १६.६ र मार्खुमा रहेको सबस्टेशनबाट ८ एमभिए क्षमताको रहेको छ । मकवानपुरमा ३३ केभिको ५२.१८ किलोमिटर विद्युत लाइन विस्तार भएको छ भने ११ केभिको ९ सय ७८.३० किलोमिटर लाइन विस्तार भएको छ । त्यस्तै ग्राहकसमक्ष पुऱ्याइने शाखा लाइन (एलटी) २ हजार ५ सय २२.४७ किलोमीटर विद्युत लाइन विस्तार भएको तथ्यांकमा उल्लेख गरिएको छ ।

मकवानपुरमा ३ वटा सब स्टेशन निर्माणाधीन अवस्थामा भएको प्राधिकरणको तथ्यांकमा उल्लेख गरिएको छ । यस अन्तर्गत थाहा नगरपालिका, बकैया गाउँपालिकाको हात्तीसुँढे र बागमती गाउँपालिकाको राइगाउँमा ८/८ एमभिए क्षमताको सबस्टेशन निर्माण भइरहेको तथ्यांकमा उल्लेख छ ।

हार्दिक श्रद्धाञ्जली



जन्म: २००६/०६/०२
स्वर्गारोहण: २०८१/०४/२७

स्व. गोपाल बहादुर कार्की

यस सामाजिक संस्कार सेवा समितिका सल्लाहकार **गोपाल बहादुर कार्की**को देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै सागरमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई पितृप्रसाद ग्रहणको लागि हेटौंडा कर्रा स्थित आफ्नै निवासमा दिउँसो २:३० बजे पाल्नुहुन हार्दिक आमन्त्रण गर्दछौं ।

अमर लामा (अध्यक्ष) एवम्
**सामाजिक संस्कार सेवा समिति**
**मकवानपुर, परिवार**

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पऱ्यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhabahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

ओम फ्रेस मिट सप

तपाईंको सेवामा






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

ओम फ्रेस मिट सप
हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१

DFSK EC 36
" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४४,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना